# गाउँ सभाको बैठकमा अध्यक्ष श्री राम पदारथ साहद्धारा प्रस्तुत आर्थिक वर्ष

# २०८२।०८३ को

# नीति तथा कार्यक्रम

ब्रह्मपुरी गाउँपालिका

ब्रह्मपुरी सर्लाही

मधेश प्रदेश

१० असाढ २०८२

आदरणीय उपाध्यक्ष ज्यू, प्रमुख अतिथि, विशिष्ठ अतिथि, अतिथि, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, सुरक्षा कर्मी, पत्रकार, राष्ट्रसेवक कर्मचारी, सेवा निवृत कर्मचारी, शिक्षकवर्ग , समाजसेवी, राजनैतिक दलहरु ,बुद्धिजीवी , सामुदियक महिला स्वास्थ्य स्वयमसेवीका दिदीबहिनीहरु  लगायत उपस्थित सम्पूर्ण महानुभावज्यूहरलाई हार्दिक स्वागत गर्दछु ।

१.यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई सौभाग्यशाली महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनैतिक अग्रगमन , मधेश आन्दोलन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध ब्रह्मपुरी गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२/८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।बाँकीको प्रस्तुतिकरण गरीदिनको लागि यस पालिकाको प्रमुख प्रशासकीय अधिकृत ज्यूलाई अग्रह गर्दै म आफ्नो छोटो मन्तव्य अन्त्य गर्न चाहन्छु ।नमस्कार ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

देशमा संघीयता कार्यान्वयन भए पछि गठित स्थानीय सरकार क्रियासिलताका आठ वर्षहरु व्यतित भइसकेका छन्। सफा स्वस्च्छ सुन्दर र सु-संस्कृत ब्रह्मपुरी गाउँपालिका बनाउने सोच सहित अघि बढेको ब्रह्मपुरी गाउँपालिकाले अहिले सम्म गाउँसभाको सत्रवटा अधिवेशन सम्पन्न गरि सकेको छ। यस १८ औं गरिमामय गाउँ सभा समक्ष ब्रह्मपुरी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसिको अनुभुति हुनु स्वभाविकै हो ।नेपालको संविधान २०७२ ले सुनिश्चित गरेको प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तह सदस्यको निर्वाचन २०७९ बैशाख ३० गते सम्पन्न भए पछि स्थानीय सरकारको यो दोश्रो कार्यकालको तेस्रो वर्ष सम्पन्न भइ चौथो बर्ष शुरु भएको हो।

२.विश्वव्यापीरुपमा हाल विभन्न मुलुकहरु बीच युद्ध तथा द्वन्द र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गइ स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन करिव २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सबैलाइ गम्भीर बनाएको छ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान बस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
११. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१२। सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

३। नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, गाउँपालिकाको अर्थ विधेयक २०८२, गाउँपालिकाको विनियोजन विधेयक २०८२, सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

४. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षणलाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइने छ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न गइरहेको छु ।

गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ।गाउँपालिकाले विभिन्न वस्तीहरुमा सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ ।गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ बनाइएको छ

।कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, प्रशासकनीक तथा बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ ।
विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद कार्यक्रमहरु सञ्चालन भएका छन ।

हाल सम्म गाउँपालिकाको सातै वडामा कृषि सडक निर्माण भएको छ ।सातै वडामा तरकारी उत्पादनको लागि बिउ बिजन वितरण गरिएको छ । कृषि सहकारीसंस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएको छ रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ । यसबाट रोजगारी सृजना भएकोछ । गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागू गरिएको छ । त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्दतीबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षामा जोड दिइएको छ । गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिएको छ ।

गाउँपालिकाले आवश्यक ऐन,नियमावली,कार्यविधि, र मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ ।राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको सुधार भएको छ ।गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागू गरिएको छ । त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्दतीबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षामा जोड दिइएको छ।

५. अब म आगामी आर्थिक वर्ष ०८२।०८३ को बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु। बजेटका उदेश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ।
क) आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने।

ख) गाउँपालीकाबाट प्रदान गरिने सेवा प्रवाहमा आम नागरिकको सरल र सहज पहुच अभिवृद्धि गर्ने ।

ग) निजी तथा सहकारी क्षेत्र सँग सहकार्य गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

घ) साधन स्रोत, अवसर र क्षमताको विकास तथा सोको उच्चतम उपयोग गरी समृद्ध गाउँपालीका बनाउने ।

ङ) आर्थिक भौतिक सामाजीक र वातावरणीय पुर्वाधार विकास गरि समुन्नत र सुदृढ गाउँपालिका बनाइ राष्ट्रको विकासमा टेवा पुऱ्याउने ।

च) दिगो विकासको मर्म अनुरुप भौतिक पुर्वाधारको विकास गर्ने ।

छ) सामुहिक निर्णय प्रद्धती तथा प्रभावकारी कार्यान्वयन प्रणाली अपनाउने ।

ज) मुख्यत कृषी,स्वास्थ्य र शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखि विकास गर्ने ।

झ) बेरोजगार व्यक्ति/युवाहरुको लागि रोजगारी सृजना गरिनेछ ।

ञ) लैगिंक समानता,सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने ।

ट) बैदेशिक रोजगारीमा आउन सक्ने सम्भावित संकुचनलाई हटाई रोजगार मुलक गतिविधि संचालन गर्ने ।

६. आर्थिक वर्ष ०८२।०८३ को प्रमुख नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) लागू औषध दूरुपयोग एवं ओसार पोसार, रोकथाम तथा नियन्त्रणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ख) विकास निर्माण कार्यक्रम दिगो विकास सम्बन्धि शिक्षा, स्वास्थ्य, आर्थिक विकास, उद्यमशिलता प्रवर्द्धन, वातावरण संरक्षण गर्न समावेशी मैत्री, स्थानीय शासन प्रवर्द्धनमा टेवा पुऱ्याउन साथै बालबालिका पिछडिएको वर्ग समुदाय, लैङ्गिग यौनिक, अल्पसंख्यक समुदाय तथा ज्येष्ठ नागरिक तथा तत् वर्ग जिविकोपार्जन सुधार र आवाज शक्तिकरणका लागि प्रत्येक्ष टेवा पुग्ने निती अवलम्बन गरिएको छ ।

ग) जलवायु परिवर्तनको कारण जनसमुदायको जिवनयापन गर्न निकै कठिनाइ भइरहेकोले स्वच्छ र सुरक्षित खानेपानीको उचित व्यवस्थापनको लागि पालिकाभरिनै समरसिलय बोडिङ्गको जडान गरिएको छ । उक्त निती आगामी आ.व.मा पनि निरन्तरता दिइने छ ।

घ) साझा सहकारी संस्था सम्पत्ति समरक्षण तथा व्यवस्थापनको लागि नेपाल सरकारको अधिकांश स्वामित्वमा रहेको साझा सहकारी संस्थाहरुको नाममा रहेको घर जग्गा लगायत अचल सम्पत्तिको अभिलेख राख्ने तथा हिनामिना नहुने व्यवस्था मिलाइने छ ।

ङ) दुर्घटना तथा अपराध नियन्त्रणका लागि चोक चोकमा सि.सि.टि.भि. क्यामरा जडान गर्न बजेट विनियोजन गरेको छु ।

च) विगतदेखिका निर्माणाधीन तथा अधुरा योजनाहरुलाइ सम्पन्न गर्न क्रमांगत रुपमा बजेट विनियोजन गरिनेछ ।

छ) घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस र पूँजी चलाएमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता घरको लागत मापदण्ड र उपयोगको सम्बन्धमा निःशुल्क परामर्श दिइनेछ ।

ज) विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ ।

झ) गाउँपालिकाभित्र आवसीय भवनमा एक घर एक विरुवा नीतिलाई अवलम्बन गरिनेछ ।

ञ) विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने निति लिइनेछ ।

ट) युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई विदेश हैन बिजनेस भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ ।

ठ) विपन्न, गरिब र सुकुमबासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, व्यवासियक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा निरन्तरता दिई सहजीकरण गरिनेछ ।

ड) गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ ।

ढ) हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ । पारिवारिक हिंसाद्धारा संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

ण) विद्यार्थी र शिक्षक, शिक्षिका बीच एक आपसमा सद्भाव कायम गर्नको लागि शिक्षक, शिक्षिकाहरुले परम्परागत शिक्षक भन्दा सहजकर्ताको भूमिका निर्वाहको लागि अग्रसर हुने वातावरण निर्माण गरिनेछ ।

त) कृषि तथा पशु विकासमा सुधार गरिनेछ ।

थ) स्वास्थ्य सेवामा सुधार एवं पहुँच प्रयास गरिनेछ ।

द) शैक्षिक उन्नयन एवं युवा तथा खेलकुदमा विशेष जोड दिइनेछ ।

ध) शहरी सौन्दर्य र भु उपयोग एवं वस्ती विकासमा विशेष जोड दिइनेछ ।

न) विपद व्यवस्थापन कोष स्थापनको लागि बजेट विनियोजन गरिनेछ ।

प) प्रत्यके वडामा सबैभन्दा बढी उमेर भएका जेष्ठ नागरिकको पहिचान गरि कदरपत्र तथा पुरस्कारको लागि बजेट विनियोजन गरिएको छ।

फ) लक्षित वर्गको उत्थान एवं सशक्तिकरण र सामाजिक समावेशीकरण गरिनेछ ।

ब) प्रविधि प्रयोग तथा डिजिटल प्रणाली विकास गरिनेछ ।

भ) संस्कृति तथा पर्यटन प्रवद्धन ।

म) सम्पूर्ण सामुदायिक विद्यालयहरुको आय व्यय व्यवस्थापनमा सहजता तथा पारदर्शिता प्रवर्द्धन गर्न पालिकाद्धारा विद्यालयका लागि एकीकृत बजेट व्यवस्थापन सफ्टवेयर खरिद गरि कार्यान्वयनमा ल्याइने छ ।

य) महिला बालवालीका तथा जेष्ठ नगरिकको शसक्तिकरणका कार्यक्रम सञ्चालन गरिने छ ।

र) सुशासन,पारदर्शिता र सेवा प्रवाहमा सुधार गरिनेछ ।

ल) दलित तथा विपन्न परिवारको आवास निर्माण कार्यक्रमलाई आगामी आ.व.मा समेत निरन्तरता दिइनेछ ।

व) आर्थिक वर्ष २०८२।२०८३ भित्र यस गाउँपालिकालाइ क्षयरोग मुक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रमलाई निरन्तरता दिएको छु ।

श) पोषण मैत्रि गाउँपालिका घौषणाको लागि आवश्यक कार्यक्रमलाई निरन्तरता दिएको छु ।

ष) यस गाउँपालिका भित्र स्वास्थ्य घुम्ति शिविर सञ्चालनको लागि बजेट विनियोजन गरेको छु।

स) ब्रह्मपुरी गाउँपालिकाको सातै वडाहरुमा जेष्ट नागरिक दलित उत्पिडीत विपन्न समुदाय तथा सेवाहरुबाट बञ्चितहरुका लागि विशेष घुम्ति शिविर सञ्चालन गरिनेछ।

ह) एस इ इ मा प्रथम श्रेणीबाट उत्तीर्ण हुने जेहेनदार छात्रछात्रालाइ सम्मान तथा पुरस्कार प्रदान गरिनेछ ।

क्ष) केन्द्रियकृत स्वास्थ्य निगरानी प्रणाली को सफ्टवेयरको स्थापना भएको साथै व्यवस्थित सञ्चालनमा जोड दिइने छ ।

त्र) अपाङ्गता भएका व्यक्तिहरुको पहिचान र अधिकारलाइ सुनिश्चित गर्दै अपाङ्गताको गम्भिरताको आधारमा आपाङ्गता परिचय पत्र वितरण गर्ने कार्यलाइ निरन्तरता दिइने छ। जसको सबाल उसकै नेतृत्व भन्ने मान्यता अनुरुप अपाङ्गता क्षेत्रमा क्रियाशिल सामाजिक संस्थाहरुको अगुवाइमा अपाङ्गता सम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

ज्ञ ) एन. जि. ओ. को सहयोगमा कृषि सामाग्री मोटर, दमल, कल इत्यादि वितरण गरिनेछ ।

क) ब्रह्मपुरी गाउपालिकाबाट प्रदान हुने सम्पुर्ण स्वास्थ्य सेवा अपाङ्गता जेष्ठ नागरिकलाइ निःशुल्क सेवा सञ्चालनलाइ निरन्तरता दिइनेछ।

ख) ब्रह्मपुरी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाइ चुस्त दुरुस्त बनाउन आन्तरिक नियन्त्रण निर्देशिका तयार गरि कार्यान्वयनमा ल्याइने छ।

ग) ब्रह्मपुरी गाउपालिकाले कुनै पनि स्वरुपको भ्रष्टाचार सहन नगर्ने निती अनुरुप शासकिय क्रियाकलापहरुमा हुन सक्ने अनियमितता सरकारी सम्पतिको अनाधिकृत प्रयोग अपचलन वा दोहन गर्ने जुन सुकै पदाधिकारी कर्मचारी सेवा प्रदायक वा सेवाग्राहीलाइ कानून अनुरुपको दण्डको व्यवस्थालाइ कडाइका साथ कार्यान्वयनमा ल्याइने कार्यलाई जोड दिइनेछ ।

घ) गाउँपालिकाको लागि केही महत्वपुर्ण बाकि रहेका ऐन नियम नीति तथा कार्यविधि विज्ञको राय सुझाव सल्लाह अनुसार बनाउनको लागि बजेटको विनियोजन गरि सोको कार्यान्वयन गरिनेछ।

ङ) माध्यमिक विद्यालयहरुमा महिनावारी स्वच्छता कार्यक्रमलाई मध्यनजर गरी सेनेटरी प्याड व्यवस्थापन र वितरणको लागि सेनेटरी मेशिन उपकरणको व्यवस्थाको लागि बजेट विनियोजन गरेको छु ।

७. बजेटले राखेका उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार प्रदेश सरकार छिमेकी स्थानीय तहहरु,विकासको सहयात्रीको रुपमा रहेको निजी तथा सहकारी क्षेत्र सँग समन्वय एंव साझेदारी गरिने छ । विनियोजन हुने बजेट र वार्षिक कार्यक्रमलाई बजेटका प्राथमिकता र उद्देश्यसँग तादाम्यता कायम गर्न अधिकतम प्रयास गरिनेछे छ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

८. यस गाउँपालीकाको आर्थिक वर्ष ०८१।०८२ को अषाढ ९ गते सम्मको वास्तविक आय ३३ करोड ४४ लाख ८१ हजार ५ सय ९० रहेको छ भने वास्तविक खर्च २०,४८,२३,४९४।- रहेको देखीन्छ । साथै आगामी आर्थिक वर्ष ०८२।८३ को कुल बजेट ४१,८५,००,२९८।-(अक्षेरुपी एकचालीस करोड पचासी लाख दुई सय अन्ठानब्बे मात्र) भित्र रहि आगामी आर्थिक वर्षको निति तथा कार्यकम तर्जुमा गरेको छु ।

९. प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै सिँचाई, मलखाद, बीउ विजनको उपलब्धतामा सुधार गरिनेछ । पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमलाई प्राथमिकता साथ कार्यान्वयन गर्दै आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।

१०. गा.पा.अन्तर्गतका विद्यालयहरुमा शिक्षा विकास तथा मानव श्रोत विकास केन्द्रबाट सशर्त अनुदानमा प्राप्त रकम बाट विद्यालयमा अध्ययरत बालबालिकाहरुको पोषण कार्यक्रम लागु गरिएको छ भने यसलाई प्रभावकारी बनाउने खाजा व्यवस्थापन समितिको निर्माण गरि वडा अध्यक्षको रेखदेख कार्यक्रम संचालन गरि योजनाको नियमित अनुगमन गरि प्रभावकारी बनाइने छ ।

११.उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न युवालाई छोटो र लामो अवधिको तालिम दिइनेछ । स्वस्थ, अनुशासित तथा सिर्जनशिल युवा शक्ति उत्पादन गर्न खेलकुद क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधारको विकास गरिनेछ ।

१२. शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिबृद्धि गर्न सेवाको गुणस्तरमा थप सुधारको व्यवस्था मिलाईनेछ ।सीपयुक्त शिक्षाकालागि प्राविधिक तथा व्यवसायिक शिक्षालाई क्रमश: विस्तार गरिनेछ ।

१२. लैगिंक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । संघीय सरकार मार्फत सञ्चालन हुनेसामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिदै आएकोमा सामाजिक सुरक्षा रकम बैकिंग प्रणालीमार्फत वितरण गरिने कार्यलाइ थप सहजताका साथ समयमा नै उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

१३.आर्थिक विकासको महत्वपूर्ण आधार आर्थिक क्रियाकलाप हो । नयाँ संरचना निर्माण सँगै यस क्षेत्रको आर्थिक क्रियाकलापहरुमा उल्लेख्य बृद्धि हुने निश्चित छ । कृषि तथा अन्य गैर कृषि जन्य उत्पादन बृद्धि गर्न विषादि मुक्त प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरी आर्थिक तथा वित्तिय कारोबारहरुलाई व्यबस्थित एवं अनुशासित बनाउँदै यस क्षेत्रको उच्च आर्थिक बृद्धि हासिल गर्ने नीति लिईनेछ । यस गाउँपालिका क्षेत्रमा वैंक तथा वित्तिय संस्थाहरु पनि कमै मात्रमा सञ्चालनमा छन ।साथै गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ । बैकिगं तथा वित्तिय क्षेत्रको विकास गरिनेछ ।

१४. सामाजिक तथा सांस्कृतिक विविधता युक्त यस क्षेत्रमा सह अस्तित्वको आधारमा स्वस्थ सामाजिक सम्बन्ध विकास गर्न सबै प्रकारका भेदभावको अन्त्य गरी समावेशीकरणको माध्यमबाट समानता र सामाजिक न्याय कायम गरिने छ ।

१५. यस क्षेत्रका प्राकृतिक सम्पदाहरुको जगेर्ना गर्दै सिगों राष्ट्रकै ऐतिहासिक पहिचान बोकेको ब्रहम्पुरी क्षेत्रलाई पर्यटकिय स्थलको रुपमा विकास गरिने छ । पर्यटकिय सम्भावना बोकेका अन्य क्षेत्रहरुको पहिचान, विकास तथा सम्बर्द्धन गरिने छ ।धार्मिक, ऐतिहासिक, सामाजिक-सांस्कृतिक तथा पर्यावरणीय महत्वका मठ,मन्दिर, मस्जिद,मदरसा,झिम नदी ,ब्रह्मवावा स्थल आदिको संरक्षण एवं सम्बर्द्धन गर्ने कार्यक्रमहरु अझै जोड दिइने छ ।

१६.यस गाउँपालीकामा स्वच्छ खानेपानी उपलब्ध गराउन गाउँपालीकाको विभिन्न ठाउँहरुमा खानेपानी संरचना निर्माण गरिने छ ।

१७. आजको युग सूचना र सञ्चारको युग हो । सूचना प्रविधिको विकास विना समृद्धिको परिकल्पना गर्न सकिँदैन । सञ्चार क्षेत्रकोविकासका लागि प्रत्येक वडामा ईन्टरनेट सेवा विस्तार गर्नुका साथै नेपाल टेलिकम तथा अन्य सञ्चार सम्बद्ध संस्थाहरुसँग आवश्यक सहकार्य गरी यस क्षेत्रको सञ्चार सेवाको गुणस्तरमा सुधार गरिने छ ।।

१८.लागु औषध दुर्वेशनीमा लागेका युवाहरुलाइ सचेतना मुलक कार्यक्रम संचालन गरि उनीहरुलाई समाजको मुल धारमा ल्याउइने छ । लैगिंक सामानतामा आधारीत समाज निर्माणको लागि सशत्तिकरण कार्यक्रम संचालन गरिने छ । अवको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा दिवा खाजा ,छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाएनपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै मुसहर,चमार डोम लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरेको छु ।

उपस्थित सम्पूर्ण माहानुभावहरु,

१९. गाउँ कार्यपालिकाको कार्यालयले आफु र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति,पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

२०. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न कार्य जिवनको गुण अभिबृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ । कर्मचारीहरुलाई कार्यस्थलमा बसी सेवा प्रवाह गर्ने तथा गाउँपालिकाको निर्णयहरुलाई अक्षरस: कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ । राम्रो काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गरिने तथा नराम्रो काम गर्ने कर्मचारीहरुलाई निरुत्साहन गर्ने व्यवस्था मिलाएको छु ।

२१. यस गाउँपालीकामा रहेको आयुवेर्द औषधालयलाइ प्रभावकारी साथ संचालन गरि जेष्ठ नागरिकहरुको स्वास्थ्यलाइ ध्यान राखी आयुवेर्दको औषधी वितरण गरिने छ ।

२२. यस क्षेत्रको आन्तिरिक साधन स्रोतको पहिचान गरि राजस्व वृद्धि गर्नको लागि गाउँपालीकामा रहेका सार्वजानीक पोखरीहरुको पहिचान गरि ठेक्काको व्यवस्था मिलाइएको छ । साथै राजस्व तिर्न बाँकी रहेकाहरुलाई कानुनी दायरामा ल्याइने छ ।

२३) यस गाउँपालीकाको मालपोत र सिफारिस दस्तुरको राजस्व व्यवस्थित गर्न वडा कार्यालयहरु मार्फत हुने सम्पुर्ण कार्यलाई सफ्टवेयर मार्फत कम्प्युटर प्रणालीमा संचालन गरिएकोछ र यसलाइ थप सुद्रिढिकरण गर्न आवश्यक पहल गरिनेछ ।

२४) यस गाउँपालीमा कृषी तथा पशु पकेट संचालन गर्नको लागि आवश्यक ठाउँको पहिचान गरि माछा,भैसी र तरकारीको मिनिकिट वितरण कार्य लाइ निरन्तरता दिइने छ ।

२५) यस गाउँपालीका भित्र  रहेका गर्भवती तथा सुत्केरी महिलाहरुलाइ यस गाउँपालीकाको बर्थिङ सेन्टरसम्म ल्याउन र पुऱ्याउन तथा त्यस संस्थाबाट प्रेषण भएकाहरुलाई प्रादेशिक अस्पताल मलंगवासम्म पुऱ्याउन एम्बुलेन्स सेवा निःशुल्क गरिएको छ । साथै अन्य विरामीहरुको हकमा जिल्लाभित्र र बाहिर एम्बुलेन्स सेवा प्रयोग गर्नु परेमा उक्त एम्बुलेन्समा इन्धन अफैं हाली सेवा प्रयोगको लागि जोड दिइनेछ ।

२६) सुत्केरी तथा बालबालिकाहरुलाइ कुपोषणबाट बचाउन बहुक्षेत्रिय पोषण आयोजनालाइ प्रभावकारीताका साथ कार्यान्वयनमा ल्याइने छ  ।

२७) विपदको क्षति न्युनिकरण गर्न र त्यसको स्थायी समाधान गर्नका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरि श्रोत पहिचान र परिचालन गरिनेछ ।

२८) यस गाउँपालीकाको पश्चिमी क्षेत्रमा पर्ने झिम नदीबाट कटान हुने गाउँपालीकाको वडा नं.१,२,३ र ४ कृषि योग्य जमिनको संरक्षण गर्न प्रभावकारी कार्यहरु अगाडी वढाउने छ । साथै अन्य वडाहरुको साना तिना नदी बाट कटान हुने कृषि योग्य भुमीको पनि संरक्षणका लागि वृक्षारोपण जस्ता रोकथाम गरिनेछ ।

२९) सबै सामुदायिक तथा निजी वनहरुलाई गाउँपालिकामा अभिलेखिकरणको व्यवस्था गरिनेछ ।

३०) वडा तथा गाउँपालिकालाई हरित बनाउन **एक घर एक विरुवा** कार्यक्रमको अभियानलाई हरेक घर सार्वजनिक निकाय वा स्थानहरुमा वृक्षारोपण गर्न जनप्रतिधि र कर्मचारीबाट शुरु गर्दै समुदायक स्तरमा विस्तार गर्न पहल गरिनेछ । सार्वजनिक खाली जग्गा, सडक किनार र खोलाको किनारामा वृक्षारोपण गर्ने व्यवस्था मिलाइनेछ ।

३१) नेपाल सरकारको आवधिक योजना बमोजिम प्रत्येक स्थानीय तहलाई डिजिटललाइजेसन प्रणालीमा व्यवस्थित गर्ने योजना अनुरुप यस गाउँपालीकाले पनि उक्त कार्यलाई प्रभावकारीताका साथ अगाडी बढाउनको निमित्त बजेट व्यवस्थापन गरिने छ ।

३२) आयोजनाहरुको पारदर्शिता एवं दिगो विकास व्यवस्थापनको लागि गाउँपालिका र वडास्तरिय अनुगमन तथा मूल्यांकन समितिलाई थप कियाशिल बनाई परिचालन गरिनेछ ।

३२) यस गाउँपालीकाका विद्यालयहरुमा कार्यरत बालविकासलाई पालीकाको तर्फबाट मासिक ३०००।- प्रदान गर्दै आएको निरन्तरता दिइने छ ।

३३) यस गाउँपालीका भित्र रहेको सामुदायीक विद्यालयहरुको शैक्षिक स्तर उकास्नको निमित विद्यालयहरुको शैक्षिक स्तरको नियमित अनुगमन गरिने छ । साथै अझ प्रभावकारीताका साथ पढाइ संचालन गर्न दक्ष स्वयमं सेवक शिक्षकहरुको सेवा सुविधामा यथावत नै दिइएको छ ।

३४) यस गाउँपालीका भित्र रहेका सामुदायीक विद्यालयहरुको आन्तरिक संरचनालाई व्यस्थित गर्न विद्यालयहरुको भवन निर्माण कार्यलाई आगीमा आर्थिक वर्षमा पनि थप रकम विनियोजन गरि पढाइमा प्रभाकारीता ल्याइने छ ।

३५) गाउँपालीका भित्र रहेका विभिन्न ठाउँहरुमा खानेपानीको समस्यालाई समाधान गर्नको निमित्त प्रत्येक वडाहरुमा ह्याण्ड पाइप वितरण कार्यको अगाडी बढाइने छ ।

३६) गाउँपालीका भित्र रहेका विभिन्न ठाउँहरुमा सिचाईको समस्या समाधान गर्नको लागी वडाहरुका सिचाई सडक,कृषि विधुतीकरण र कृषि मोटर जडान तथा निर्माण कार्यलाइ प्रभावकारीता साथ संचालन गरिने छ ।

३७) यस गाउँपालीकाको ७ वटै स्वास्थ्य संस्थाहरुमा कम्प्युटर जडान गरि स्वास्थ्यको सुचकहरुलाई थप व्यवस्थित गरी निरन्तरता दिइने छ ।

३८) गाउँपालीका भित्र कृषि योग्य जमिनको संरक्षण गरिने छ साथै उन्नत किसिमको विउ वितरण गर्न कृषि पकेट क्षेत्र निर्माणको निमित्त बजेट विनियोजन गरेको छु ।

३९) गाउँपालीका भित्र रहेका स्वास्थ्य चौकीहरुलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक औषधी तथा औजार उपकरणको लागि यस आ.व.मा बजेटमा बृद्धि गरेको छु ।

४०) गत आर्थिक वर्ष देखी संचालन रहेको अधुरा सडक,भवन,मन्दिर,मस्जिद निर्माण कार्यलाई यसै आर्थिक वर्षमा सम्पन्न गर्नको निमित्त बजेट व्यवस्था गरिने छ ।

४१) कृषि विद्युतिकरण व्यवस्थित तवरले सञ्चालनमा ल्याउनको लागि विशेष जोड दिइनेछ ।

४२) आगामि दिनहरुमा सञ्चालन गरिने विकास कार्यक्रम तथा योजनाहरु दिगो एवं प्रभावकारी बनाउन वस्तुनिष्ठ योजनाको छनोट गरी कार्यविधिले निर्दिष्ट गरेको समय सिमा अनुसार सम्पन्न हुने व्यवस्था मिलाईनेछ । प्राविधिकको लागत अनुमान तथा मूल्याङ्कन, अनुगमन समितिको प्रतिवेदन लगायत कार्यविधिले निर्दिष्ट गरेको प्रक्रिया पुरा गरी मात्र भुक्तानी दिने व्यवस्था मिलाईनेछ ।

४३) व्यक्ति विशेष भन्दालक्षित वर्ग तथा सामुदाय लाभान्वित हुने योजनालाई प्राथमिकतादिई वस्ती स्तरबाट छनौट भई आएका सहभागितामूलक योजना सञ्चालन गरीनेछ ।

४४) यस गाउँपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयम् सेवीकाहरुलाई दिदै आएको प्रोत्साहन रकमलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिइने छ । साथै खाजा वापत प्रति महिना २०० को दरले व्यवस्था गरिने छ ।

४५) यस गाउँपालीका भित्र रहेका सडकहरुको मापदण्ड निर्धारण गर्नको लागि आवश्यक कानुन निर्माण गरिने छ ।

४६) यस गाउँपालीका अन्तर्गतका सार्वजानिक सम्पतिको संरक्षण तथा सिमाकंन कार्यलाइ निरन्तरता दिइनेछ ।

४७) यस गाउँपालीका भित्र रहेका जेष्ठ नागरिहरुको पहिचान गरि घुम्ती सेवा मार्फत विपि र सुगर जाँच गरि निशुल्क रुपमा औषधी वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

४८) अन्त्यमा सबै नागरिकको जिउधनको सुरक्षा, आत्मसम्मान, मौलिक हक एवं आधारभूत मानव अधिकारको संरक्षण एवं सम्बर्द्धन गर्दै स्वच्छ, शान्त र समृद्ध ब्रह्मपुरी गाउँपालिकाको निर्माण गरिनेछ ।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

**अव म यस ब्रह्मपुरी गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

आ.व.०८१।०८२ को गाउँसभामा बाट पारित भएको प्रभावकारी कार्यक्रमहरुलाइ निरन्तरता दिदै कृषि,स्वास्थ्य,शिक्षा र युवाहरुलाइ प्राथमिकतामा राखी आगामी आर्थिक वर्षको बजेट भित्र रहि कार्यक्रम तथा योजनाहरु तर्जुमा गरेको छु ।

**उपस्थित सम्पूर्ण महानुभावहरु**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को आय व्ययको विवरण प्रस्तुत गर्न गईरहेको छु ।

ब्रहम्पुरी  गाँउपालिकाले प्रस्तावित वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालयल र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजकि संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा आगामी आ.व. ०८२।८३ को बजेट प्रस्तुत गरेको छु ।

आ.व.०८१।०८२ को अषाढ ९ गते सम्मको बास्तविक आय रु.३३,४४,८१,५९०।-(तेत्तिस करोड चौवालिस लाख एकासि हजार पाँच सय नब्बे मात्र) रहेको छ भने बास्तविक खर्च रु.२०,४८,२३,४९४।-(अक्षेरुपी बीस करोड अठ्चालिस लाख तेइस हजार चार सय चौरानब्बे मात्र) र आगामी आर्थिक वर्ष ०८२।८३ को अनुमानित आय रु.४१,८५,००,२९८।-(अक्षेरुपी एकचालिस करोड पचासि लाख दुई सय अनठानब्बे मात्र)मध्ये वित्तीय समानीकरण तर्फ संघिय र प्रदेश गरि जम्मा  रकम रु. १०,७२,०४,०००।- (अक्षेरुपी दश करोड बहत्तर लाख चार हजार मात्र) र शसर्त अनुदान तर्फ संघिय र प्रदेश गरि जम्मा रकम रु.१८,३२,००,०००।- (अक्षेरुपी अठार करोड बत्तीस लाख मात्र ),विशेष अनुदान संघ र प्रदेश गरि रकम रु.९८,००,०००।–(अक्षेरुपी अन्ठानब्बे लाख मात्र ) र समपुरक अनुदान संघ र

प्रदेश गरि जम्मा रकम रु.१,२०,००,०००।–(अक्षेरुपी एक करोड बीस लाख मात्र)गरी विनियोजन गरेको छु ।

संघ सरकार र प्रदेश सरकार अन्तर सरकारी वितिय हस्तातरणको जम्मा रकम रु.२९,०४,०४,०००।–(अक्षेरुपी उन्नातीस करोड चार लाख चार हजार मात्र)विनियोजित गरेको छु ।आन्तरकि श्रोत तर्फ रकम रु.६४,९०,०००।–(अक्षेरुपी चौसट्ठी लाख नब्बे हजार मात्र),राजस्व वाडफाड संघ र प्रदेश गरि जम्मा रकम रु.९,६६,०६,२९८।– (अक्षेरुपी नौ करोड छयासट्ठी लाख छ हजार दुई सय अन्ठानब्बे मात्र र बैक मौज्दात २,५०,००,०००।–(अक्षेरुपी दुई करोड पचास लाख मात्र) गरि जम्मा बजेट रु.४१,८५,००,२९८।–(अक्षेरुपी एकचालीस करोड पचासी लाख दुई सय अन्ठानब्बे मात्र ) आम्दानीको आकलन गरिको छु ।

कुल बजेट मध्ये चालु खर्च रकम रु.२६,०१,०१,२९८।–(अक्षेरुपी छबीस करोड एक लाख एक हजार दुई सय अन्ठानब्बे मात्र) र पुँजीगत खर्च रकम रु.१५,८३,९९,०००।–(पन्ध्र करोड त्रियासी लाख उनान्सय हजार मात्र) विनियोजन गरेको छु भने विषयगत क्षेत्रहरुमा निम्नानुसार विनियोजन गरेको छु ।

१. कार्यालय संचालन तथा प्रसाशनीक क्षेत्रमा रकम रु.६,७९,७२,०००।– (छ करोड उन्नानअसी लाख बहत्तर हजार मात्र)

२. आर्थिक विकास

क) कृषि तर्फ रकम रु.२,८९,३०,०००।– (दुई करोड उनान्नब्बे लाख तिस हजार मात्र)

ख) उद्योग तर्फ रकम रु.२०,००,०००।– (बीस लाख मात्र)

ग) पशुपन्छि विकास तर्फ रकम रु.२६,००,०००।– (छब्बीस लाख मात्र)

३. पुर्वाधार विकास

क) यातयातपुर्वाधार तर्फ रकम रु.१,६८,००,०००।– (एक करोड अट्सठी लाख मात्र)

ख) भवन आवस तथा सहरी विकास तर्फ रकम रु.५,८४,८४,०००।– (पाँच करोड चौरासी लाख चौरासी हजार मात्र)

ग) उर्जा तर्फ रकम रु.४५,००,०००।– (पैंतालिस लाख मात्र)

घ) सम्पदा पूर्वाधार तर्फ रकम रु.३,१३,९५,०००।- (तिन करोड तेह्र लाख पन्चानब्बे लाख हजार मात्र)

४. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

क) बन तर्फ रकम रु.३०,००,०००।– (तिस लाख मात्र)

ख) श्रम रोजगारी तर्फ रकम रु. २९,००,०००।– (उनान्तीस लाख मात्र)

ग) प्रशासकीय सुशासन तर्फ रकम रु.११,००,०००।- (एघार लाख मात्र)

घ) शान्ती व्यवस्था तर्फ रकम रु. १२,००,०००।- (बाह्र लाख मात्र)

ङ) वित्तिय सु-शासन तर्फ रु.४,००,०००।- (चार लाख मात्र)

५. सामाजिक विकास

क) शिक्षा तर्फ रकम रु.११,८७,७०,०००।– (एघार करोड सतासी लाख सत्तरी हजार मात्र)

ख) स्वास्थ्य तर्फ रकम रु.४,८१,३८,३६८।– (चार करोड एकासी लाख अठ्तीस हजार तिन सय अठसट्ठी मात्र)

ग) खानेपानी तथा सरसफाई तर्फ रकम रु.४०,००,०००।– (चालिस लाख मात्र)

घ) पोषण तर्फ रकम रु. ४६,००,०००।– (छ्यालीस लाख मात्र)

ङ) युवा तथा खेलकुद तर्फ रकम रु. १५,००,०००।– (पन्ध्र लाख मात्र)

च) लैगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ रकम रु. ९७,००,०००।– ( सन्तानब्बे लाख मात्र)

छ) तथ्याङ व्यवस्थापन तर्फ रु. २३,००,०००।- (तेइस लाख नब्बे हजार मात्र)

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजस्व र बजेट सम्बन्धी कानून बमोजिम गठित विभिन्न समितिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, यस क्षेत्रका बुद्धिजिबी तथा राजनैतिक दलका मित्रहरु एव प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नुभएका ब्रह्मपुरी गाउँपालिकाका सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

यस ब्रह्मपुरी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउनुहुने ब्रह्मपुरी गाउँपालिकाको जनसमुदाय कर प्रदायकहरु, विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोग अपेक्षा गरेको छु ।

धन्यबाद ।